**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिमको सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष **श्री टिका राम गुरुङ** ज्यूको अध्यक्षतामा आज **मिति २०७८ साल जेठ १० गते सोमबार**का दिन देहाय बमोजिमका गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा वसी तपसिलमा उल्लिखित प्रस्तावहरु उपर व्यापक छलफल गर्दै निम्न बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक बसेको समयः विहान ११.०० बजे।

बैठक सञ्चालन स्थानः गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोकको सभाहल।

**उपस्थितिः**

| क्र.सं. | पदाधिकारीहरुको नाम, थर | दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री टिका राम गुरुङ | अध्यक्ष | |
| २. | श्री ज्ञानमाया चौहान गौतम | उपाध्यक्ष | |
| ३. | श्री उर्मिला थेबे | वडा अध्यक्ष, वडा नं. १, सिनाम | |
| ४. | श्री लालकृष्ण चौहान | वडा अध्यक्ष, वडा नं. २, आम्वेगुदिन | |
| ५. | श्री सन्तोष कुमार चाम्लिङ | वडा अध्यक्ष, वडा नं. ३, सिकैचा | |
| ६. | श्री रुपदास भट्टराई | वडा अध्यक्ष, वडा नं. ४, तेल्लोक | |
| ७. | श्री पूर्णसिंह माबो लिम्बु | वडा अध्यक्ष, वडा नं. ५, पेदाङ | |
| ८. | श्री सुखराज माबो लिम्बु | वडा अध्यक्ष, वडा नं. ६, मामांखे | |
| ९. | श्री नयाँनाथ तिवारी | वडा अध्यक्ष, वडा नं. ७, खेवाङ | |
| १०. | श्री टसी लामा | वडा अध्यक्ष, वडा नं. ८,याम्फुदिन | |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ११. | श्री जानुका देवी कुँवर | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री बिमला साम्यु | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री सरिता पुर्कुटी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री लिलादेवी गुरुङ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री लाक्पा भोटे | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री दिनेश वान्तवा राई | गाउँ कार्यपालिका सदस्य | |
| श्री सन्तोष घिमिरे, प्रमुख प्रशासकीय अधिकृत | | गाउँ कार्यपालिका सचिव | |

**अन्य उपस्थितिः**

श्री बुद्धिप्रसाद खतिवडा, शिक्षा अधिकृत, सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक।

डा. श्री भुवन सुवेदी, प्राथमिक स्वास्थ्य केन्द्र, तेल्लोक।

श्री भूपेन्द्र बुडाक्षेत्री, लेखापाल, सिरीजङ्घा गाउँ कार्यपालिकाको कार्यालय, तेल्लोक।

प्रहरी नायब निरीक्षक श्री नर गोपाल राना, इलाका प्रहरी कार्यालय, तेल्लोक।

श्री सञ्जिव सिंह, हेल्थ असिष्टेण्ट

श्री रञ्जित लवाँ, सव इञ्जिनियर एवम् जिन्सी उपशाखा प्रमुख

श्री मनोज कुमार उप्रेती, सूचना प्रविधि अधिकृत

**प्रस्ताव नम्बरः (१)**

कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विभिन्न खर्च शीर्षकबाट प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गर्ने सम्वन्धमा।

**प्रस्ताव नम्बरः (२)**

BiPS भाइटल मोनिटर तत्काल खरिद गर्ने सम्वन्धमा।

**प्रस्ताव नम्बरः (३)**

अस्थायी कोभिड अस्पताल सञ्चालनका लागि तत्काल खरिद गरी ल्याइएको जेनेरेटरको भुक्तानी सम्वन्धमा।

**प्रस्ताव नम्बरः (४)**

कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि तत्काल विभिन्न व्यवस्था गर्ने/गराउने सम्वन्धमा।

**प्रस्ताव नम्बरः (५)**



Scanned with CamScanner

गाउँ कार्यपालिकामा निहित अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा।

**<u>प्रस्ताव नम्बरः</u> (६)**

कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि विशेष परिस्थितिको रुपमा खरिद कार्य गर्ने गराउने।

**<u>प्रस्ताव नम्बरः</u> (७)**

अस्थायी कोभिड अस्पतालको सिफारिसमा खरिद गरिएका र गरिने औषधिजन्य सामाग्री/उपकरणको भुक्तानी सम्बन्धमा।

**<u>निर्णय नम्बरः</u> (१)**

प्रस्ताव नम्बर (१) माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्र तीव्ररुपमा फैलिरहेको कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण गर्न गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषमा सिरीजङ्घा गाउँपालिकाको विनियोजन ऐन (प्रथम संशोधन), २०७७ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको शीर्षकबाट प्रकोप व्यवस्थापन कोषमा तपसिल बमोजिमको रकम रकमान्तर गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

(क) गाउँ कार्यपालिका चालु खर्च शीर्षकको खर्च शीर्षक नम्बर २११११ मा विनियोजित रकम रु. ७५,००,०००।०० (पारिश्रमिक कर्मचारी) बाट बीस प्रतिशतले हुन आउने रकम **रु. १५,००,०००।००** (अक्षरुपी पन्ध्र लाख रुपैंया मात्र)।

(ख) सामाजिक विकास शीर्षक तर्फको खर्च शीर्षक नम्बर २५३११ (शुन्य दरबन्दी रहेका प्रस्तावित सामुदायिक विद्यालय (१२) मा निजी स्रोतबाट शिक्षक व्यवस्थापन गरी दैनिक पठनपाठन सहज तुल्याउन अनुदान कार्यक्रम) मा विनियोजित रु. ३०,००,०००।०० बाट बीस प्रतिशतले हुन आउने रकम **रु. ६,००,०००।००** (अक्षरुपी छ लाख रुपैंया मात्र)।

(ग) सामाजिक विकास शीर्षक तर्फको खर्च शीर्षक नम्बर २२५२२ (कक्षा १ देखी कक्षा ५ सम्म अध्ययन गर्ने सवै विद्यार्थीहरुलाई पोशाक र स्कुल ब्याग निःशुल्क वितरण कार्यक्रम) मा विनियोजित रु. ३२,००,०००।०० बाट पच्चीस प्रतिशतले हुन आउने रकम **रु. ८,००,०००।००** (अक्षरुपी आठ लाख रुपैंया मात्र)।

र, उपरोक्त बमोजिम प्रकोप व्यवस्थापन कोषमा रकमान्तर गरी ल्याइएको जम्मा रकम रु. २९,००,०००।०० (अक्षरुपी उनन्तीस लाख) र अस्थायी कोभिड अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि नेपाल सरकारबाट चालु आर्थिक वर्ष २०७७।०७८ को पहिलो चौमासिकमा प्राप्त हुन आएको रकमबाट खर्च गरी बाँकी रहन आएको रकम रु. ३,१६,०३८।०० (अक्षरुपी तीन लाख सोह हजार अड्तीस रुपैंया मात्र) गरी जम्मा रकम **रु. ३२,१६,०३८।००** (अक्षरुपी बत्तीस लाख सोह हजार अड्तीस



Scanned with CamScanner

रुपैंया) कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रण गर्ने प्रयोजनका लागि मात्र खर्च गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

**निर्णय नम्बरः (२)**

प्रस्ताव नम्बर (२) माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्र फैलिरहेको कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिका मातहतका प्राथमिक स्वास्थ्य केन्द्र (१), स्वास्थ्य चौकी (७) र सामुदायिक स्वास्थ्य इकाई (२) गरी जम्मा १० वटा स्वास्थ्य संस्थाका लागि विरामीको ब्लड प्रेसर, अक्सिजनको मात्रा र पल्सको दर हेर्न उपयोगी हुने BiPS भाइटल मोनिटरको स्पेशिफिकेसन प्राथमिक स्वास्थ्य केन्द्र तेल्लोकका मेडिकल अधिकृत डा. भुवन सुवदीबाट तयार गर्न लगाई स्पेशिफिकेसन बमोजिमको मोनिटर तत्काल खरिद गरी कम्तीमा एक/एक थान उपलब्ध गराउने र उक्त मोनिटर खरिदमा लाग्ने खर्च चालु आर्थिक वर्ष २०७७।०७८ मा सशर्त अनुदान स्वास्थ्य तर्फ मेशिनरी तथा औजार खर्च शीर्षकमा विनियोजित रकम रु. १६,००,०००।०० बाट खर्च लेख्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नम्बरः (३)**

प्रस्ताव नम्बर (३) माथि छलफल गर्दा अस्थायी प्राथमिक स्वास्थ्य केन्द्र, तेल्लोकमा सञ्चालित अस्थायी कोभिड अस्पतालमा चौविसै घण्टा विद्युत आपूर्तिको सहज व्यवस्था मिलाउनका लागि कार्यालयबाट तत्काल खरिद गरी ल्याइएको १० के.भि.ए. क्षमताको जेनेरेटरको भुक्तानी चालु आर्थिक वर्ष २०७७।०७८ मा सशर्त अनुदान स्वास्थ्य तर्फ मेशिनरी तथा औजार खर्च शीर्षकमा विनियोजित रकम रु. १६,००,०००।०० (अक्षरुपी सोह लाख मात्र) बाटै खर्च लेख्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नम्बरः (४)**

प्रस्ताव नम्वर (४) माथि छलफल गर्दा कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि प्रकोप व्यवस्थापन कोप (कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रण) खर्च शीर्षकबाट खर्च लेख्ने गरी देहाय बमोजिमको व्यवस्था गर्ने/गराउने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहाय

(क) सिनाम, आम्वेगुदिन, सिकैचा, पेदाङ, मामांखे, खेवाङ र याम्फुदिनमा अवस्थित स्वास्थ्य चौकीमा अलग्गै Fever Clinic सञ्चालन गर्ने र यसका लागि सम्बन्धित स्वास्थ्य संस्थालाई मासिक पन्ध्र हजार रुपैंया प्रोत्साहन स्वरुप अनुदान रकम उपलब्ध गराउने। त्यसैगरी सामुदायिक स्वास्थ्य इकाई, ओसे र खाम्दिम्बेमा समेत Fever Clinic सञ्चालन गर्ने र यसका लागि इकाईमा खटिने स्वास्थ्यकर्मीलाई मासिक पाँच हजार रुपैंया प्रोत्साहन रकम उपलब्ध गराउने।



Scanned with CamScanner

(ख) प्राथमिक स्वास्थ्य केन्द्र, तेल्लोकमै ५ शैयाको अस्थायी कोभिड अस्पताल सञ्चालन गरिएकाले प्राथमिक स्वास्थ्य केन्द्रमा खटिने चिकित्सक/स्वास्थ्यकर्मी/कार्यालय सहयोगी/एम्बुलेन्स चालकलाई मासिक तलबको शुरु स्केलको ५० प्रतिशत रकम प्रोत्साहन रकम उपलब्ध गराउने।

(ग) अस्थायी कोभिड अस्पतालमा भर्ना भएका कोभिड संक्रमित विरामीको उपचारमा प्रत्यक्ष खटिने स्वास्थ्यकर्मी (चिकित्सक १ जना, पारामेडिक्स १ जना, नर्सिङ १ जना र कार्यालय सहयोगी १ जना) लाई दैनिक १,५,००।०० (अक्षरुपी एक हजार पाँच सय रुपैंया मात्र) प्रोत्साहन रकम उपलब्ध गराउने।

(घ) कोभिड संक्रमित विरामीको X-Ray गर्न खटिने रेडियोग्राफरलाई प्रति केस रु. ५००।०० (अक्षरुपी पाँच सय मात्र) का दरले प्रोत्साहन रकम उपलब्ध गराउने।

(ङ) कोभिड संक्रमणको स्क्रीनिङ गर्न स्वास्थ्यकर्मी सहितको टोली आवश्यकता अनुसार वडा/वडामा खटाउने र उक्त कार्यमा खटिने प्राथमिक स्वास्थ्य केन्द्र, तेल्लोकका ल्याब असिष्टेण्ट र एकजना स्वास्थ्यकर्मीलाई नियमानुसारको दैनिक भत्ता तथा भ्रमण खर्च र खाजा तथा खाना खर्च वापत् दैनिक पाँच सय रुपैया उपलब्ध गराउने।

(च) कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रणमा खटिएका गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाका इन्चार्ज एवम् टोल विकास संस्थाका अध्यक्षहरुलाई सञ्चार सुविधा वापत् मासिक पाँच सय रुपैंया उपलब्ध गराउने।

(छ) कोभिड १९ बाट संक्रमित स्वास्थ्यकर्मी एवम् कर्मचारीहरुलाई आइसोलेसनमा अलग्गै राख्नका लागि तेल्लोकमा एउटा घर भाडामा लिने।

(ज) कोभिड १९ परीक्षणको लागि संकलित स्वाव लिई परीक्षणका लागि विराटनगर पठाइएको यस गाउँपालिकाको एम्बुलेन्स झापाको कनकाईमा मिति २०७८।०२।०५ गते दुर्घटना भएको र हाल उक्त एम्बुलेन्स मर्मतको चरणमा रहेकाले एम्बुलेन्स मर्मत नहुञ्जेलसम्मका लागि एक थान सवारीसाधन भाडामा लिई एम्बुलेन्सको रुपमा परिचालन गर्ने।

(झ) अस्थायी कोभिड अस्पतालमा भर्ना भएका कोभिड संक्रमित विरामीलाई खाना तथा खाजा खर्चको व्यवस्थापन मिलाउने।

(ञ) होम आइसोलेसनमा बसेका कोभिड संक्रमित विरामीलाई चिकित्सकको सिफारिसमा तोकिएका स्वास्थ्यकर्मी मार्फत औषधिको प्याकेज उपलब्ध गराउने र यस कार्यमा खटिने स्वास्थ्यकर्मीलाई प्रति केस २००।०० (अक्षरुपी दुई सय रुपैंया मात्र) उपलब्ध गराउने।

(ट) होम आइसोलेसनमा बसेका कोभिड संक्रमित विरामीलाई पोषणयुक्त खाना ख्वाउनमा सहयोग गर्ने हेतु प्रति विरामी २,०००।०० (अक्षरुपी दुई हजार रुपैंया मात्र) का दरले रकम उपलब्ध गराउने।

५

**मिति २०७८।०२।१० गते विहान ११.०० बजे बसेको सिरीजङ्घा गाउँ कार्यपालिकाको बैठकको निर्णय**

Scanned with CamScanner

(ठ) प्राथमिक स्वास्थ्य केन्द्र, तेल्लोकको अस्थायी कोभिड अस्पतालमा उपचार हुन नसकी अन्यत्रका कोभिड अस्पतालमा प्रेषण गर्नुपर्ने कोभिड संक्रमित विरामीलाई निःशुल्क एम्बुलेन्स/सवारीसाधन उपलब्ध गराउने।

(ड) कोभिड संक्रमण भई उपचारका क्रममा निधन भएका स्थानीयलाई दाहसंस्कार खर्च वापत् रु. २०,०००।०० (अक्षरुपी बीस हजार मात्र) उपलब्ध गराउने।

**निर्णय नम्बरः (५)**

प्रस्ताव नम्बर (५) माथि छलफल गर्दा सिरीजङ्घा गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७६ को नियम ६ को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी गाउँपालिका क्षेत्रभित्र कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि गाउँ कार्यपालिकाको हैसियतले तत्काल गर्नुपर्ने निर्णयहरु गरी कार्यान्वयनमा समेत लैजानका लागि देहाय वमोजिमको समितिलाई गाउँ कार्यपालिकामा निहित अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहाय**

| | |
|---|---|
| गाउँपालिकाका अध्यक्ष | संयोजक |
| ४ नं. वडाका वडा अध्यक्ष | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सचिव |

**निर्णय नम्बरः (६)**

प्रस्ताव नम्बर (६) माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्र कोभिड १९ को संक्रमण हालसम्म विभिन्न १८ जनालाई देखिएको र त्यसमा १ जना स्थानीयवासीको मिति २०७८।०२।०९ गते मृत्यु समेत भई सकेको सन्दर्भमा यस परिस्थितिलाई गाउँपालिका क्षेत्रभित्र विशेष परिस्थितिको रुपमा पहिचान गरी कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पर्ने सम्पूर्ण सामाग्रीहरुको तत्काल आपूर्ति/व्यवस्थापन मिलाउनका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ मा व्यवस्था भएको विशेष परिस्थितिको खरिद विधि अपनाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नम्बरः (७)**

प्रस्ताव नम्बर (७) माथि छलफल गर्दा कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि अस्थायी कोभिड अस्पतालको सिफारिसमा हालसम्म खरिद गरी ल्याइएका र अबका दिनमा खरिद गर्नुपर्ने औषधिजन्य सामाग्री/उपकरणहरुको भुक्तानी प्रकोप व्यवस्थापन कोष (कोभिड १९ संक्रमण रोकथाम तथा नियन्त्रण) बाट खर्च लेख्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**आजको बैठक सौहार्दपुर्ण वातावरणमा सम्पन्न भयो।**





Scanned with CamScanner